शिवनाथ गाउँपालिका

सुल्लेखान, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

शिवनाथ गाँउपालिकाद्धारा प्रकाशित

खण्डः ७ अंकः ०४ मिति २०७९/११/१९ गते शुक्रबार

## भाग -२

## पशु स्वास्थ्य कार्यान्वयन कार्यविधि, २०७९

शिवनाथ गाउँकार्यपालिकाको मिति २०७९/११/१९ गतेको कार्यपालिका बैठकबाट स्वीकृत भएको **"पशु स्वास्थ्य कार्यान्वयन कार्यविधि, २०७९"** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सार्वजनिक जानकारी लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

२०७९

गाउँकार्यपालिकाको स्वीकृत मिति २०७९/११/१९

# पशु स्वास्थ्य कार्यान्वयन कार्यविधि, २०७९

## १) प्रस्तावनः-

शिवनाथ गाउँपालिक पशु पन्छी पालन क्षेत्रमा धेरै सम्भावना रहेको क्षेत्र हो । भौगोलिक बनावट दृष्टिकोणले गर्दा सबै किसिमको पशुमा लागि आवश्यक आहारा प्रयाप्त मात्रामा पाइने र माग बढदो भएकोले सबै किसिमका पशुपालन व्यावसाय अपनाएको पाइन्छ । पशु पन्छी पालन व्यवसायलाई व्यावसायकीकरण गर्न आवश्यक छ । पशु पालन व्यावसायलाई अझ अत्पादनशिल बनाउन मृत्युदर कम गर्नका लागि पशु स्वास्थ्य सम्बन्धी कार्यक्रम पशु उपचार पशुरोग नियन्त्रणका समस्या तथा चुनौतीहरु छन। पशु स्वास्थ्य कार्यक्रमलाई व्यवस्थित सहज बनाउनका साथै पशु स्वास्थ्य कार्यक्रमलाई नियमन बनाउन पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि २०७९ लागु गर्न आवश्यक भएकोले यो " पशु स्वास्थ्य कार्यन्वयन कार्य विधि २०७९" लागु गरेको छ ।

## २) संक्षिप्त नाम र प्रारंम्भः-

क) यस कार्यविधिको नाम पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि २०७९ रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाको स्वीकृत गरेको मिति देखि तत्काल लागू गरिनेछ ।

## ३) लक्ष्यः-

क) रोगी पशुहरुको उपचार गर्ने ।

ख) रोग नियन्त्रण तथा रोगथाम न्यूनिकरण गर्ने ।

ग) पशुधनिको सुरक्षा गरी उत्पादनमा वृद्धि गर्ने ।

घ) कार्यक्रमलाई नियमन गर्ने ।

ङ) पशु बन्ध्याकरण गर्ने ।

## ४) उद्देश्यः-

क) रोग लागेको पशुहरुलाईं उपचार गरी स्वास्थ्य बनाउने ।

ख) पशुहरुमा लाग्ने संक्रामक रोगहरुको रोकथाम तथा नियन्त्रणका उपाउहरु अपनाई रोगको संकमणलाई न्यूनिकरण गर्ने ।

ग) उपचार व्यवस्था मिलाई रोग नियन्यण तथा रोकथाम गरी पशुधन क्षति हुनबाट बचाउनका साथै पशुको उत्पादन बृद्धि गराउने ।

घ) पशु स्वास्थ्य सम्बन्धी संचालित कार्यक्रमहरुलाई विधिवत रुपमा नियमन गराउने ।

ङ) पशु बन्ध्यकरण गरी पशुपंक्षी प्रजन्न विकृतिमा कमि ल्याई गुणस्तरिय मासु उत्पादनमा वृद्धि गर्ने ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

५) **पशु स्वास्थ्य सेवा संचालन कार्यक्रमः-** शिवनाथ गाउँपालिका क्षेत्र भित्र कृषक सेवाग्राहीहरुमा यस पशु स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।

६) **परिभाषाः-** अर्को अर्थ नलागेमा पशु स्वास्थ्य सेवा संचालनका लागि निम्न अनुसार परिभाषा गरिएको छ ।

क) **रोग वा रोगी पशुः-** स्वास्थ्य पशु भन्दा फरक नकारात्मक परिवर्तन भएको अवस्थालाई रोग भनिने छ ।

ख) **उपचारः-** रोगी पशुहरुलाई स्वास्थ्य अवस्थामा ल्याउन प्रविधि/औषधिको प्रयोग गरी गरिने कार्यलाई उपचार भनिनेछ ।

ग) पशुः- पशु भन्नाले कृषकले पालेका घरेलु तथा जंगली जनावरलाई पशु भनिन्छ । यसले पंक्षी तथा माछ्यालाई पनि सम्झिनु पर्छ । जस्तै गाई, गोरु, बाच्छा र बाच्छी, भैंसी राँगा, पाडीपाडा, बाख्रा, बोका, पाठापाठी, भेडा, बंगूर सुगुर-विर, पाठापाठी, घोडा, गधा, खच्चड, उंट, कुकुर, विरालो, छाउरा छाउडी, कुखुरा, हाँस, लौकट, टर्की, अष्टिच, वट्टाई आदि जंगली जनावर, चिसल, बदेल, माछा, आदि ।

घ) **कृषक/सेवाग्रहीः-** उत्पादनका लागि पालिएको पशु धनीलाई कृषक तथा उक्त कृषक उपचार सेवा प्राप्त गर्ने सेवालाई स्थलगत उपचार बुझ्नु पर्नेछ ।

ङ) **स्थलगत उपचारः-** शिवनाथ गाउँपालिका पशु सेवा शाखामा कार्यालय समय भित्र पशुहरुलाई उपचार सेवा प्राप्त गर्ने सेवालाई स्थलगत उपचार बुझ्नु पर्नेछ ।

च) **निशुल्क उपचारः-** स्थलगत रुपमा लिन आएको सेवा निशुल्क हुनेछ । उपचार गर्दा लाग्ने प्रविधि/औषधिको शुल्क लाग्ने छैन तर उक्त पशु रजिष्ट्रेशन (नाम दर्ता) शिवनाथ गाउँपालका पशु सेवाका पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि २०७९ बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

छ) **स्थलगत बाहेकको उपचार सेवाः-** कार्यालय समयमा स्थलगत बाहेकको उपचार सेवा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन्न । कार्यालयको काममा बाधा नपर्ने गरी उपचार सेवा उपलब्ध गराउन सकिनेछ तर उक्त सेवाको अतिरिक्त शुल्क लाग्नेछ ।

७) **उपलब्ध गराइने उपचार सेवा / किसमः-** मेडिकल उपचार गाइनोको लोजिकल उपचार, माइनर सर्जिकल उपचार, भाले पशु बन्ध्याकरण सेवा आदि ।

८) **उपचारका लागि प्रयोग गरिने औषधिको प्रकारः-**

- आन्तिरक/बाध्य परजिबीका प्रयोग गरिने औषधीहरु ।
- एन्टीप्रोटोजोवला औषधीहरु ।
- ज्वरो कमगर्ने/दुःखाइ कम गर्ने औषधिहरु।
- एन्टिहिस्टामिन ।
- प्रतिजैविक औषधीहरु ।

- घाउ खटिरामा प्रयोग गरिने औषधिहरु ।
- पाठेघरम प्रयोग गरिने औषधीहरु ।
- पाचन प्रणाली प्रभाव पार्न प्रयोग गरिने औषधी जस्तै अपच/अरुची, कब्जियत, पेटफुलेको पाचन ग्याष्टिक, भोक बढाउने, इमेटिक, एन्टिइमेटिक, परगेटिभ, एन्टिडाइरियल, रुभेनोटिक, एण्टासिड, म्युक्टोलाइटिक्स, ब्रोन्कोडायलर, एन्टिहिस्टामिन, अस्थमा, कोर्टिकोस्टेराइड, रोस्पिरेटोरो स्टिनुलेक्ट ।
- मुत्र प्रणाली प्रभाव पार्न प्रयोग गरिने औषधीहरुः- विभिन्न, डायरुटिक्स, एसिडिफाइडग साल्टा ।
- पाठेघरमा प्रभाव पार्न प्रयोग गरिने औषधीहरुः-हार्मोनहरु, एन्टिसेप्टिकर, औषधीहरु, प्रतिजैविक औषधीहरु)
- माशँपेशीमा प्रभाव पार्न प्रयोग गरिने औषधिहरुः- मसल रिलेग्जेण्ड, ननस्टेराइडल, एन्टिइन्फलामेटरी औषधी, कोर्टिकोस्टेराइड, एनालजेसिक आदि ।
- छालामा प्रभाव पार्न गरिने औषधिहरुः- एन्टिपाइरेटिप्स, एन्टिफङगल, प्रतिजैविक औषधी
- आँखा, कान, नाक तथा घाँटीमा प्रभाव पार्न प्रयोग गरिने औषधिहरुः- घाउ खटिरा, सिष्ट हेमोटोमा प्रभाव पार्न प्रयोग गरिने औषधिहरुः- एन्टिसेप्टिक, लोशन, मल्हम, जेल, पावडर तथा सहयोगी सामाग्रीहरु
- हाड भाच्चिएको, मर्किएकोमा प्रभाव पार्न प्रयोग गरिने औषधिहरुः- लोकल एनोस्थेटिक्स
- प्रतिजैविक औषधिहरुः- पेनिसिलिन, एम्पिसिलिन, टेट्रसाइक्लिन, स्टेप्टोमाइसिन, जेण्टामाइसिन, एनरोफ्लोक्सासिन, लिभोफ्लोक्सासिन, क्लारमफेनिकोल, इजिथ्रोमाइसिन, केनामाइसिन, क्लोरमफेनिकोल, सल्फोनोमाइड, सल्फाडाइजिन

९) **रोग निदानः-** पशुको रोग समस्या पहिचान गर्न अपनाइने क्रियाकलापलाई रोग निदान कार्य भनिनेछ । उपलब्ध स्रोत साधन प्रविधि अपनाएर रोग निदान गरिनेछ । रोग निदानका लगि निम्न प्रक्रिया अपनाइने छ । रोग निदान हुन नसकेको अवस्थामा माथिल्लो निकायका प्रयोगशालामा पठाउन सकिनेछ ।

- इतिहास विवरण आधारमा
- लक्षणको आधारमा
- भौतिक परिक्षणको आधारमा
- गोबर परिक्षण, पिशाव, दुध परिक्षण आधारमा
- कुखुराको पंक्षीको शव परिक्षण आधारमा

१०) **प्रयोगशाला सेवा संचालन कार्यक्रमः-** गाउँपालिका पशु सेवा शाखाको उपलब्ध जनशक्ति, श्रोत साधनको सिमा भित्र रही रोग निदानका लागि प्रयोगशाला सेवा कार्यक्रम संचालन गरिनेछ । उक्त प्रयोगशाला

सेवा कार्यक्रममा नि:शुल्क सेवा उपलब्ध गराइनेछ तर रजिष्ट्रेशनका लागि प्रति पशु/प्रति कृषक शुल्क गाउँपालिका पशु सेवा शाखाले तोके निर्धाण गरे अनुसार सेवा शुल्क लाग्नेछ ।

क) गोवर परिक्षण (च्याप्टो जुका(नाम्ले पारमफिस्टोमम्), गोलो जुका, फित्ते जुका, आदि)

ख) पिशाव परक्षण (प्रोटोजोवल संक्रमण लहमुत, हेमाचुरिया)

ग) दुध परिक्षण (थुनेलो परिक्षण)

घ) शव परिक्षण (पंक्षीहरु कुखुरा, हाँस, बटाई आदि)

ङ) गर्भ परिक्षण सेवा:- गाई, भैसीहरुलाई गर्भ रहे नरहेको यकिन गरी, व्यवस्थापन, तथा मासु स्तरीय बनाउन पशु बन्ध्याकरण गरिनेछ ।

११) पशु रोग नियन्त्रण तथा रोकथाम सेवा कार्यक्रम:-

गाउँपालिका क्षेत्र भित्रका पशुहरुलाई रोगको संक्रमण बचाउन तथा रोग नियन्त्रण रोकथामका लागि कार्यक्रम संचालन गरिनेछ ।

क) खोप सेवा कार्यक्रम:- स्थानीय/प्रद्श/संघको लक्ष्य कार्यक्रम अनुसार पशुहरुमा संक्रामक रोग भ्यागुते/चरचरे/खोरेत/कुकुर/स्वाइनफिभर बाख्रा-भेडा पिपिआर रोग विरुद्ध खोप लगाई रोगको नियन्त्रण तथा रोकथामको कार्यहरु संचालन गरिनेछ ।

ख) रोग सर्भिलेन्स:- पशुको रोग नियन्त्रणका लागि स्थानीय/ प्रदेश/संघको कार्यक्रम लक्ष्य अनुसार रोग सर्भिलेन्सको कार्यक्रम संचालन गरिनेछ । रोग सर्भिलेन्सका लागि नमूना संकलन तथा प्रेषण / नियमित अनुगमन, रिपोर्टिङ्ग सम्वन्धी निकायमा गरिनेछ ।

ग) जैविक सुरक्षा कार्यक्रम:-

रोग नियन्त्रणका लागि पशुहरुको फर्ममा जैविक सुरक्षाको अवलम्वन गर्न, सहयोग पुऱ्याउनका लागि प्रोत्साहित गर्नु गर्नेछ ।

१२) सेवा शुल्क तथा विविध कार्यक्रमहरु

पशु उपचार सेवा शुल्क शिवनाथ गाउँपालका पशुसेवा शाखा तथा मातहतका सेवाकेन्द्रको कार्यालयबाट पशु उपचार सेवा प्रदान गर्दा र औषधी वितरण गर्दा नि:शुल्क सेवा दिइरहेको अवस्थामा कार्यालयको पशुसेवाबाट नजिक भएका सेवा ग्राहीहरुले बढी औषधी संचीत गर्ने गर्दा औषधी चाँडो सकिने र टाढाका सेवा ग्राहीहरुले औषधी आवश्यकता अनुसार नपाउने र आधारभुत सेवा पाउन नसकिरहेको अवस्थामा राजस्व लगाएर कृषकलाई आर्थिक मार पर्ने उद्देश्य नभई औषधी वितरण कार्यलाई केही हदसम्म व्यवस्थित गर्त थोरै न्यूनतम पशुपंक्षी दर्ता शुल्क लिन प्रस्ताव स्वीकृत भएमा तत्काल लागु हुने छ । संकलित राजश्व गाउँपालिकाको संचित कोषमा जम्मा हुनेछ ।

| क्र.स. | विवरण | सेवा | दर्ता शुल्क | कै. |
|---|---|---|---|---|
| १ | पशु उपचार तथा पशुपन्छी | गाईभैंसी | २०/- | |

| | | | | |
|---|---|---|---|---|
| | दर्ता शुल्क | भेडा/बाखा/बंगुर/खरायो | १०- | |
| | | कुकुर/बिरालो/घोडा/खच्चड | २५/- | |
| | | घरपालुवा पन्छीहरु कुखुरा/हाँस/टर्की | २५/- | |
| | | माछा (प्रती १०० माछा) | १०/- | |
| | | जंगली ठुला जनावर | १००/- | |
| | | जंगली साना जनावर | ७५/- | |
| | | जंगली पन्छीहरु | २५/- | |
| २ | प्रयोगशाला सेवा | गोबर परिषण | २०/- | |
| | | पिसाब परिक्षण | २५/- | |
| | | दुध परिक्षण (थुनेलो) | ५०/- | |
| | | रगत परिक्षण | १००/- | |
| | | पशु पोष्टमार्टम | ५००/- | |
| | | पन्छी पोष्टमार्टम | १००/- | |
| ३ | कृत्तिम गर्भाधान सेवा | भैंसी/साँढेको बिर्यको | १००/- | |
| | | बोकाको विर्यको | ५०/- | |
| ४ | गर्भ परिक्षण सेवा | गाई/भैंसी | २५/- | |
| ५ | प्राविधिक अनुगमन सेवा | स्तर अनुसार तोकिएको पारिश्रमिक | नेपाल सरकारको प्रचलित आर्थिक नर्म्समा तोकिए बमोजिम | |
| ६ | बन्ध्यकरण सेवा | राँगा/साँढे/बोका | २५/- | |
| ७ | भ्याक्सिन सेवा | गाई/भैंसी/भेडा/बाखा/कुकुर/कुखुरा | पशुसेवा बिभागको खोप संबन्धी कार्यविधि अनुसार | उपलब्ध भएसम्म |
| ८ | पशुपन्छी तथा पत्स्य फार्म दर्ता / नविकरण / सुचिकृत सेवा | - | दर्ता- २००/- नबिकरण- १००/- | प्रत्येक वर्ष नबिकरण नभए १००/- को दरले/राज |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | | स्व लागने । |
| ९ | समुह दर्ता तथा नविकरण सेवा | सम्पूर्ण पशुपन्छीपालन तथा मत्यपालन | दर्ता- २००/- नविकरण- १००/- | |

१३) विविधः-

क) प्रचलिक कानुन बमोजिम लागु हुनेः- पशु सेवा कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रचलित ऐन, कानुन, कार्यविधि (संघीय तथा प्रादेशिक) उल्लेख भएकोमा सो बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ । साथै गाउँपालिकाबाट यस पशु सेवा संग सम्बन्धित कार्यक्रम संचालन भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ख) कार्यविधि संशोधन तथा परिमार्जन शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाले यस कार्यविधिमा समय सापेक्ष आवश्यक संशोधन तथा परिमार्जन गरिनेछ ।

आज्ञाले

नरेन्द्र सिंह महता

प्रमुख प्रशासकीय अधिकृत